# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८१/०४/३१)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०४/२९ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

२०८१/०४/२९ गतेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु

प्रस्तावहरू

**१. समृद्ध ग्रामीण नेपालको लागि शैक्षिक उन्नयन (LEARN) संस्थालाई कार्यक्रमको सहमति प्रदान गर्ने सम्बन्धमा।**
**२. स्थानीय पाठ्यपुस्तकको रकम तोक्ने सम्बन्धमा।**
**३. दिवा खाजा सम्बन्धमा।**
**४. तलब भत्ता निर्धारण सम्बन्धमा।**
**५. दरखोला बालविकास केन्द्रमा मसलन्द र दिवा खाजा रकम सम्बन्धमा।**
**६. प्र.अ. संचार खर्च सम्बन्धमा।**
**७. हेम नमूना आवाशीय छात्रावासमा कर्मचारी थप सम्बन्धमा।**
**८. विविध।**

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा समृद्ध ग्रामीण नेपालको लागि शैक्षिक उन्नयन — LEARN संस्थाले गाउँपालिकाको सामुदायिक शिक्षालाई टेवा दिने उद्देश्यले आ.ब. २०८१/८२ र आ.व. २०८२/०८३ गरि २ वर्षको लागि शिक्षा क्षेत्रमा कार्य गर्न कार्यक्रम पूर्व सहमतिका लागि निवेदन पेश गरेकोले उक्त कार्यक्रम कार्यान्वयन गर्दा गाउँपालिकाको प्रत्यक्ष सम्पर्क र सहमतिमा सञ्चालन गर्ने गरि सहमति/अनुमति प्रदान गर्ने निर्णय भयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय पाठ्यक्रम हाम्रो धवलागिरीका आधारमा तयार गरिएको कक्षा १-३ को स्थानीय पाठ्यपुस्तकको निजी विद्यालयलाई विक्रि गर्ने प्रयोजनका लागि कक्षा १, २ र ३ को क्रमश : रु. २००/- (रू दुई सय रुपैंया मात्र) मूल्य निर्धारण गर्ने, साथै विक्री रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालकक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई दिवा खाजा वापत प्रदान गर्दै आइरहेको दिवाखाजाको रकम प्रतिदिन रु. १५/- (अक्षरुपी पन्ध्र रुपैंया मात्रै) मा गाउँपालिकाले २०८१ भाद्र १ गतेदेखि लागु हुने गरि प्रतिदिन रु. ५ /-(अक्षरुपी पाँच रुपैंया मात्र) थप गर्ने साथै स्थानीय स्तरमा उपलब्ध खाजा विद्यालयमा नै खुवाउने व्यवस्था भएको छ भनी वडा कार्यालयको सिफारिसमा मात्रै रकम निकासा गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय भयो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/८२ मा नेपाल सरकारले प्रदान गर्दै आइरहेको शिक्षक, कर्मचारी लगायत विद्यालयमा कार्यरत शिक्षकहरुको तलब भत्तामा गाउँपालिकाले तपसिल बमोजिम रकम थप गरि २०८१ श्रावण १ गतेदेखि लागु हुने गरि तलब भत्ता निर्धारण गर्ने निर्णय भयो ।

क) **प्रारम्भिक बालविकास शिक्षक** : नेपाल सरकारले प्रदान गर्ने रु. १०,०००/-(अक्षरुपी दश हजार रुपैयाँ मात्र) मा रु ८,०००/-(अक्षरुपी आठ हजार रुपैंया मात्र) थप गरि तलब रु. १८,०००/-(अक्षरुपी अठार हजार रुपैंया मात्र) कायम गर्ने निर्णय भयो । साथै गाउँपालिकाबाट संचालन भएको दरखोला बालविकास केन्द्रमा कार्यरत प्रारम्भिक बालविकास शिक्षकको तलब समेत रु. १८,०००/-(अक्षरुपी अठार हजार रुपैंया मात्र) कायम गर्ने साथै पोशाक भत्ता र चाडबाड खर्च समेत उपलब्ध गराउने ।

ख) **विद्यालय सहयोगी** : नेपाल सरकारले प्रदान गर्ने रु. ८,०००/-(अक्षरुपी आठ हजार रुपैयाँ मात्र) मा रु ९,२५०/-(अक्षरुपी नौ हजार दुई सय पचास रुपैंया मात्र) थप गरि तलब रु. १७,२५०/-(अक्षरुपी सत्र हजार दुई सय पचास मात्र) कायम गर्ने ।

ग) **विद्यालय सहायक कर्मचारी** : नेपाल सरकारले प्रदान गर्ने रु. १३,५००/-(अक्षरुपी तेह्र हजार पाँच सय रुपैंया मात्र) मा रु ६,५००/-(अक्षरुपी छ हजार पाँच सय रुपैंया मात्र) थप गरि तलब रु. २०,०००/-(अक्षरुपी बीस हजार रुपैंया मात्र) कायम गर्ने।

घ) **सामुयायिक परिचालक** : यस गाउँपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सामुदायिक परिचालकको तलब भत्ता नेपाल सरकारले तोकेको रु. १०,०००/-(दश हजार रुपैंया मात्र) मा रु. ८,०००/-(आठ हजार रुपैंया मात्र) थप गरि रु.१८,०००/-(अक्षरुपी अठार हजार रुपैंया मात्र) कायम गर्ने।

ङ) **गाउँपालिका अनुदान शिक्षक** : गाउँपालिकाको अनुदानमा कार्यरत १२ जना शिक्षक (७ जना मा.वि. र ५ जना नि मा वि) शिक्षकहरुको तलब भत्ता गत आ.व. मा निर्धारण भए बमोजिम नै हुने।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. ३,सोलबाङमा गाउँपालिकाद्वारा स्थापित बालविकास केन्द्र श्री दरखोला बालविकास केन्द्रलाई मसलन्द बार्षिक रु. १०,०००/-(अक्षरुपी दश हजार रुपैंया मात्र) उपलब्ध गराउने साथै तहाँ अध्ययनरत बालबालिकालाई दिवा खाजा बापत रु. २०/-(अक्षरुपी बीस रुपैंया मात्र) उपलब्ध गराउने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुलाई संचार खर्च बापत उपलब्ध गराउँदै आइरहेको माध्यमिक र आधारभूत क्रमश : रु. १०००/- (अक्षरुपी एक हजार रुपैंया मात्र) र आधारभूत रु. ५००/-(अक्षरुपी पाँच सय रुपैंया मात्र) लाई आ.व. २०८१/०८२ मा समेत निरन्तरता दिने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा हेम नमूना आवाशीय छात्रावासमा एक जना कर्मचारी थप गर्ने निर्णय गरियो। कर्मचारी थप सम्बन्धमा:

८. विविध अन्तर्गत देहाय बमोजिम हुने गरी निर्णय गरियो।

   I. प्रदेश लोकसेवा आयोज,गण्डकी प्रदेश पोखराको स्थानीय तह सूचना नं. ७७/ २०८०-८१ (कार्यक्षमता) स्थानीय प्रशासन सेवा, प्रशासन समुह, सातौं तह, प्रशासकीय अधिकृत पदमा सिफारिस भई आउनुभएका श्री हरिहर पनेरू (आँधिखोला गाउँपालिका २, स्याङ्जा) लाई

मुख्यामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराको च.न. ९ मिति २०८१/०४/१४ को बढुवा सिफारिस पत्र स्थनीय सेवा ( गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४३ (१), स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम २८ (१) बमोजिम मिति २०८१/०४/१४ गते देखी जेष्ठता कायम हुनेगरी नियुक्ती दिने।

II. प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश पोखराको स्थानीय तह सूचना नं. ७५०३/ २०८०-८१ खुला प्रशासन सेवा, लेख समुह, सातौं तह, लेखा अधिकृत पदमा सिफारिस भई आउनुभएका श्री पुरुषोत्तम अधिकारी ( सिद्धलेक गाउँपालिका २, धादिङ) लाई स्थनीय सेवा ( गठन तथआ सञ्चालन) ऐन, २०७९ को दफा ४३ (१), स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम २८ (१) बमोजिम मिति २०८१/०४/२७ गते देखी जेष्ठता कायम हुनेगरी नियुक्ती दिने।

III. आ.व. २०८१/८२ को लागि जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट पारित भएको जिल्ला दररेटलाई अनुमोदन गर्ने र सोही दररेटलाई यस गाउँपालिकाभित्र पनि लागू गर्ने।

IV. धवलागिरी गाउँपालिकाको दर खोलामा आएको बाढीको कारण झोलुङ्गे पुल बगाएको हुँदा सो ठाउँमा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा योजना माग गर्न गाउँपालिको कार्यालयलाई निर्देशन दिने।

V. धवलागिरी गाउँपालिकाको वडा नं. ३ निवासी चुनदेवी रसाईलिको निवेदन उपर छलफल गर्दा निजको छोरा सुमन रसाईली विगत तीन वर्षदेखी मानसिक रोगी भएको र निजको आर्थिक अवस्था समेत निकै कमजोर भएकोले निज सुमन रसाईलीको उपचारको लागि ३ महिना सुधार गृहमा राख्ने प्रयोजनार्थ पालिकाको अन्य संस्था सहायता शीर्षक बाट भुक्तानी हुने गरी रू साठी हजार रूपैंया बिनियोजन गर्ने।

VI. मिति २०८१ असार २७ गतेको अविरल वर्षाको कारण गाउँपालिकाको वडा नं. ७ मा पहिरोले घर पुरिई २ जना (तुल प्रसाद न्यौपाने र बालकुरामरी न्यौपाने) को मृत्यु भएको हुँदा प्रहरी मुचुल्का समेतको आधारमा गाउँपालिकाले मृतक परिवारलाई राहत स्वरूप उद्दार, राहत तथा पुनःस्थापना कोषबाट भुक्तनी हुने गरी रू ५० हजार रकम विनियोजन गर्ने निर्णय गरियो।

VII. आ.व २०८१/८२ को बजेट तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि निर्मित धवलागिरी गाउँपालिकाको वार्षिक कार्ययोजना (२०८१/८२) लाई स्विकृत गर्ने।

VIII. पञ्च वर्षीय गाउँ शिक्षा योजना निर्माणको लागि देहाय बमोजिम हुने गरी समिति गठन गरियो। जसका लागि सेवा तथा परामर्श खर्च शीर्षकबाट रु ४ लाख रूपैयाँ विनियोजन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

| | |
|---|---|
| सामाजिक विकास समिति (संयोजक) | सदस्य |
| शिक्षा क्षेत्रका विज्ञ | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य सचिव |